आज मिति २०७६।०४।२३ गते बिहिबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यहि मिति २०७६।०३।२७ मा आएको बाढीबाट प्रभावित भएका घरपरिवारलाई राहत स्वरुप वितरण गर्नका लागि प्रति वडा रु. ५०,०००।०० (अक्षरेपी रुपैयाँ पचास हजार मात्र ।) का दरले खाद्यान्न तथा रु. ५,००,०००।०० (अक्षरेपी रुपैयाँ पाँच लाख मात्र ।) बराबरको त्रिपाल खरिद गर्ने नगर प्रमुखज्यूको आदेशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

यस माधव नारायण नगरपालिकाको गत आ.व. २०७५/०७६ मा भएको सम्पूर्ण खर्च शिर्षकहरुको खर्चको आन्तरिक लेखा परिक्षण गौर स्थित श्री कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत गराउने निर्णय गरियो ।

निर्णय नं. ३ :

आ.व. २०७५/०७६ मा विभिन्न शिर्षकहरुबाट संचालनमा रहेका योजना/कार्यक्रमहरु मध्ये केहीको कार्य समयमै सम्पन्न हुन नसकेकाले तपसिलका योजना/कार्यक्रमहरुको बाँकि भुक्तानी/अपुग रकम आन्तरिक लेखा परिक्षण पश्चात भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ :

आ.व. २०७५/०७६ मा संघिय सरकारबाट प्राप्त हुनुपर्ने राजश्व बाँडफाँडको रकम रु. ७,०२,०९,०००।०० (अक्षरेपी रुपैयाँ सात करोड दुई लाख नौ हजार मात्र ।) मध्येबाट यस कार्यालयलाई रु. ५,७४,६७,२४६।८८ (अक्षरेपी रुपैयाँ पाँच करोड चौहत्तर लाख सत्सठ्ठी हजार दुई सय छयालीस पैसा अठासी मात्र ।) मात्र प्राप्त भएको तथा सो अपुग रकम बराबरको रकमको भुक्तानी सशर्त तथा अन्य अनुदानहरुको रकमबाट भईसकेको हुँदा फ्रिज भई फिर्ता गर्नुपर्ने रकम यस आ. व. २०७६/०७७ को प्राप्त बजेटबाट फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

यस माधव नारायण नगरपालिकामा नगरपालिकाको आफ्नै ईन्जिनीयर तथा ओभरसियर नरहेको कारण योजना संचालन, अनुगमन तथा निरिक्षण गर्न ज्यादै कठिनाई हुने गरेको हुँदा अर्को व्यवस्था नहुन्जेल सम्मका लागि सेवा परामर्श अन्तर्गत कुनै व्यक्ति, संस्था वा फर्म मार्फत सेवा खरिद गरी एक एक जना ईन्जिनीयर तथा ओभरसियर खटाउने निर्णय गरियो ।

हनुमान

दलीप

प्रमिला

नुतन कुमारी

Scanned with CamScanner

निर्णय नं. ६ :

यस माधव नारायण नगरपालिका अन्तर्गत वडा नं. ६ माधोपुरमा रहेको श्री मा. वि. माधोपुरको प. सं. ०७६/०७७, मिति २०७६/०४/२२, च. नं. १८ को पत्रबाट कक्षा ११ संचालनका लागि दुई जना शिक्षक बराबरको नियमानुसार पारिश्रमिक माग भएको हुँदा सो वापतको रकम नगरपालिकाको शिक्षा तर्फको बजेटबाट विद्यालयको खातामा पठाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ :

आ.व. २०७५/०७६ मा विभिन्न शिर्षकहरुबाट संचालनमा रहेका योजना/कार्यक्रमहरु मध्ये केही कार्यक्रम/योजनाहरुको प्राविधिक मुल्याङ्कनमा उपभोक्ता समितिहरुमा असन्तुष्टि रहेको/देखिएको हुँदा सम्बन्धित उपभोक्ता समितिको असन्तुष्टि पुष्टि हुने निवेदन, वडाको प्रमाणित सिफारिसका साथ नगरपालिकामा दरखास्त दिए पश्चात सो कार्यक्रम/योजनाहरुको पुनः प्राविधिक मुल्याङ्कन गराउनका लागि प्राविधिकलाई आदेश दिने निर्णय गरियो । साथै कार्यक्रम/योजनाहरुको पुनः प्राविधिक मुल्याङ्कन पश्चात भुक्तानी कम भएको प्रमाणित भएमा घटि भएको रकम भुक्तानी दिनका लागि कार्यपालिकाको बैठकबाट निर्णय गर्ने निर्णय गरियो ।

आज मिति २०७६।०४।२३ गते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner